# टीकापुर घटना मानवअधिकार अनुगमन

## प्रतिवेदन



नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह

(लाहुर्निप)

# टीकापुर घटना मानवअधिकार अनुगमन प्रतिवेदन

**टीकापुर, कैलाली, नेपाल**

**१० देखि १३ चैत्र २०७२**

**अनुगमन टोली**

शंकर लिम्बू

भिम राई

टहल थामी

देव कुमार सुनुवार

दलबहादुर घर्ती मगर

**नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह**

(लाहुर्निप)

**प्रकाशक**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, पो.ब. नं.: ११११७९, काठमाडौं
फोन: +९७७ ०१ ४२६८५१०
इमेल: lahurnip.nepal@gmail.com वेबसाइट: www.lahurnip.org

सर्वाधिकार © लाहुर्निप, सन् २०१६

प्रथम प्रकाशन सन् २०१६

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेल: yetienter2016@gmail.com

**मुद्रण**
हिसी अफसेट प्रिण्टर्स प्रा.लि.
जमल, काठमाडौं
फोन नं: ०१-४२२६४१६

ISBN: 978-9937-0-1369-7

# प्रकाशकीय

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले टीकापुर, कैलाली घटनाको अनुगमन प्रतिवेदन प्रकाशित गरी सो घटनाको क्रममा भएका मानव अधिकार हननका क्रियाकलापहरू सार्वजनिक गर्ने जमर्को गरेको छ।

यस प्रतिवेदनमा सो घटनामा विशेष गरी थारुहरूमाथि राज्य पक्षबाट भएका मानव अधिकार हननका घटनाहरू स्थलगत अध्ययन गरी समावेश गरिएको छ।

सुरक्षा निकाय र हजारौंको संख्यामा रहेका प्रदर्शनकारीबीच भएको सो घटनामा ७ जना सुरक्षाकर्मीको ज्यानै जाने गरी भएको घटनामा हालसम्म निष्पक्ष छानवीनको प्रयास राज्य पक्षबाट भएको छैन। प्रदर्शनमा सहभागी भएको आरोपमा थारु समुदायका युवा तथा अगुवाहरू पक्राउ पर्ने क्रम अद्यापि जारी रहेको छ। घटना भएको दिन र सो पछिका दिनहरूमा कर्फ्यु जारी भएको अवस्थामा थारुहरूको घर, पसलहरूमा आगजनी र लुटपाट हुनु आफैंमा अराजक अवस्था हो। तर सो क्रियाकलापमा संलग्नहरू हालसम्म कानूनको दायरामा आउन सकिरहेका छैनन् भने राज्य सोको छानवीनमा निरीह र पक्षपाती देखिएको छ।

लाहुर्निपबाट सो घटनाको अनुगमनका लागि खटिएको समूहले यो प्रतिवेदन तयार पारेको हो। यस प्रतिवेदनले सो घटनाको यथार्थता प्रकाशमा ल्याई अन्यायमा परेकाहरूको वास्तविकता बाहिर ल्याउने छ भन्ने लाहुर्निपले विश्वास लिएको छ।

यस अनुगमनमा संलग्न टोलीका सदस्यहरूप्रति लाहुर्निप आभार प्रकट गर्दछ। यस प्रतिवेदन तयारीका क्रममा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउने समुदाय, सुरक्षा तथा सरकारी निकाय, राजनीतिक दल, मानव अधिकार संघसंगठनका प्रतिनिधिहरुप्रति पनि लाहुर्निप आभारी छ।

अन्तमा यो प्रतिवेदन प्रकाशनार्थ खट्ने लाहुर्निपका कार्यसमिति तथा सचिवालयका सबै सदस्यहरूप्रति पनि धन्यवाद छ।

शान्ति कुमारी राई

अध्यक्ष

# विषयसूची

**भूमिका**......................................................................१
संक्षेपमा तराई र थारु सम्बन्धी विवरण.............................३
उद्देश्यहरू.............................................................४
विधि.....................................................................४
सीमा.....................................................................६
**प्राप्त तथ्य**..............................................................६
द्वन्द्व अघि र पछिको अवस्था............................................६
राज्यको निकायप्रति स्थानीयको अविश्वास........................९
विस्थापन...............................................................१०
मानव अधिकार संस्थाहरूको प्रतिक्रिया.............................१०
**मानवअधिकारको अवस्था** ..................................................११
पहिचानको आधारमा विभेद र आत्मनिर्णयको अधिकार........११
स्वतन्त्र तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकार................१२
शान्तिपूर्ण भेला हुने अधिकार...........................................१३
यातना, अपमानजनक तथा अमानवीय व्यवहार
विरुद्धको अधिकार......................................................१४
मानवअधिकार रक्षकहरूको अधिकार................................१८
बालबालिकाको अधिकार तथा शिक्षाको अधिकार............. १९
स्वास्थ्यको अधिकार.................................................. २०
साँस्कृतिक अधिकार................................................... २१
सम्पत्तिको अधिकार.................................................... २२
**निष्कर्ष तथा सुझावहरू**................................................... २५
**अनुसूचीहरू**
अनुसूची १: ............................................................ ३०
अनुसूची २: ............................................................ ३१
अनुसूची ३: ............................................................ ३२

## भूमिका

नेपालमा १० वर्षे सशस्त्र द्वन्द्वको अन्त्यपछि २०६४ चैत्र २८ मा पहिलो संविधानसभाको निर्वाचन भयो । पहिलो संविधानसभा संविधान नबनाई २०६९ जेठ १४ मा विघटन भयो । त्यसपछि दोस्रो संविधानसभाको निर्वाचन २०७० मंसीर ४ मा भयो । राजनीतिक अन्यौलताकै बीच २०७२ जेठ महिनामा नेपाली काङ्ग्रेस, नेकपा (एमाले), एकीकृत नेकपा (माओवादी) र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) गच्छेदार समूहबीच संविधान जारी गर्ने सन्दर्भमा १६ बुँदे सहमति भयो । अन्य पक्षबाट सर्वत्र विरोध भएपछि सो सहमति सर्वाधिक विवादित बन्न पुग्यो । सो सहमतिले जनताको सहभागितामा संविधान बन्ने प्रक्रिया रोक्ने, नेपालको अन्तरिम संविधान, २०६३ भन्दा प्रतिगामी र सर्वोच्च अदालतको फैसला विरुद्ध भएको विरोधमा आवाज उठाउनेहरूको जिकीर रहेको छ ।

संविधानको मस्यौदामा नै ऐतिहासिक विभेदमा पारिएकाहरूको अधिकारका सवालहरू नसमेटिने भएपछि आदिवासी जनजाति, थारु, मधेशी, मुस्लिम, दलितलगायतका समुदायहरू नेपालको संविधानको पहिलो मस्यौदा आउनु अघिदेखि नै आन्दोलनमा थिए । संविधानको पहिलो मस्यौदा तथा सीमांकनको सवालमा संविधानसभाभित्र भएको निर्णयका सम्बन्धमा थारुलगायतका विभिन्न क्षेत्र तथा समुदायका व्यक्तिहरूको फरक मत रहेको थियो ।

संविधानसभाले सर्वसाधारण नागरिकहरूबाट सुझाव लिने भन्दै संविधानको प्रारम्भीक मस्यौदा २०७२ असार २३ गते सार्वजनिक गर्‍यो । तर मस्यौदा संविधानमा जनताको राय तथा अभिमतका लागि छुट्याइएको समय अत्यन्त छोटो (दुई दिन), पार्टीका सीमित कार्यकर्ताबीच मात्र छलफल गराइयो । जनतासँग प्रत्यक्ष छलफल गरिएन । मस्यौदा सुझाव संकलन जिल्ला सदरमुकामहरूमा मात्र सीमित रह्यो । मस्यौदामा सीमाङ्कनको

विषय सङ्घीय आयोग बनाएर टुङ्ग्याउने गरी नेपालमा भूगोल र जनसंख्याको आधारमा आठ प्रदेश प्रस्ताव गरिएको थियो ।

ऐतिहासिक विभेदमा पारिएका समुदायहरू (आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम आदि)को चाहना, आवश्यकता, सरोकार, समस्या तथा अधिकारहरू सम्बन्धी मागहरू सम्बोधन नगरी, उनीहरूसँग विभिन्न समयमा भएका सहमति तथा सम्झौताहरू विपरीत र संविधान निर्माण प्रक्रियाप्रति उनीहरूको विरोधका बावजूद दोस्रो संविधानसभाले संविधानको पहिलो मस्यौदा बाहिर ल्यायो । त्यसपछि ती समुदायहरूको असन्तुष्टि र आन्दोलन झन् बढ्दै गयो । यस बीचमा केही मधेशी दलहरूले संविधानसभा त्यागेको घोषणासमेत गरे । पहिलो संविधानसभामा सहमति भएका विषयहरू दोस्रो संविधानसभाले स्वामित्व लिने संकल्प प्रस्ताव पारित गरेको थियो । त्यस विपरीत संविधानसभामा सहमति भएको बुँदाहरूको नजरअन्दाज गरी संविधान जारी भयो ।

आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, महिलालगायत विभेदमा पारिएका समुदायहरूको धर्म निरपेक्षता, पहिचानसहितको संघीयता, समानुपातिक समावेशी, जातीय तथा नश्लीय विभेदको अन्त्य गर्ने माग तथा चाहना विपरीत नयाँ संविधान जारी भएको छ । साथै नयाँ संविधान नेपालको अन्तरिम संविधान, २०६३ भन्दा पनि प्रतिगामी भएको र उक्त संविधानले सुनिश्चित गरेका अधिकारहरूसमेत कुण्ठित गर्ने काम गरेको यी समुदायहरूको दावी रहेको छ । संविधान जारी गर्दा नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लगायत मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूको समेत नजरअन्दाज गर्ने काम भएको छ । संविधान निर्माण प्रक्रियाका सम्बन्धमा Special Rapporteur on the Rights of Indigneous Peoples को नेपाल सम्बन्धी

प्रतिवेदनको सिफारिश[1] तथा पटक-पटकको Follow-up letters/CERD committee को Eearly Warning letters[2] को बर्खिलाप आदिवासीको अधिकार सुनिश्चित नगरी संविधान जारी भएको छ।

**संक्षेपमा तराई र थारु सम्बन्धी विवरण**

नेपालको दक्षिणतर्फको समथर भूमि तराई हो। यो क्षेत्रले नेपालको कूल क्षेत्रफल १४७१८१ वर्ग किमिमध्ये २३.१% ओगटेको छ। हालको ७५ जिल्लामध्ये २० जिल्ला यहीं क्षेत्रमा पर्दछ। नेपालको कूल जनसंख्याको ४७.७९ % तराईमा रहेको छ।

नेपालको तराई क्षेत्रको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको ५०० माइल लम्बाईको भूगोलमा थारुहरूको घना बस्ती रहेको छ। राष्ट्रिय जनगणना, २०११ अनुसार थारुहरूको जनसंख्या १,७३७,४७० (६.५%) रहेको छ। सन् १८६० र १९५१ को बीचमा नेपाल सरकारले तराई विकासको लागि सो क्षेत्रमा पहाडी जनताको पुनर्वासको प्रयास गरेको भए तापनि गर्मी तथा मलेरियाका कारण थोरै मात्र पहाडीहरूले चासो दिए।[3] तर औलो उन्मूलनपछि तराई क्षेत्रमा बाहिरबाट बसाईं सरेर आउनेको चाप बढ्दै गयो। सन् १९६६-६७ को भयानक खडेरीपछि सुदूरपश्चिम नेपालका पहाडी भेगबाट धेरै मात्रामा कैलाली जिल्लामा बसाईं सराई भयो।[4] औलो उन्मूलनपश्चात् तराई क्षेत्रमा बाहिरबाट बसाईं सराई मात्र होइन सरकार र शासकहरूले योजनावद्ध ढंगले भूमि सुधार, बस्ती विकास, पुनर्वास योजना, वीर्ता तथा बक्सिसको नामबाट अन्यलाई भूमि प्रदान गरी थारुहरूलाई भूमिहीन एवं अल्पमत बनाउने कार्य भएको थारु नेता

[1] A/HRC/12/34/Add.3, paras. 11-16, A/HRC/15/37/Add.1 and follow-up letter issued on 15 October 2012.

[2] Early warning letters to the Government of Nepal issued on 31 August 2012 and 30 August 2013.

[3] Frederick H. Gaige (2009) Regionalism and National Unity in Nepal, Kathmandu: Himal Books, p.62.

[4] Ibid, p.66.

मीनराज चौधरीले बताए। यसरी बाहिरी बसाइँ सराईको चापका कारण थारुहरूले आफ्नो भूमि गुमाउनुका साथै उनीहरूमाथिको विभेद अन्यायको शृङ्खला पनि शुरु भएको देखिन्छ। विशेषगरी पश्चिमका थारुहरूमाथिको विभेद र अन्याय चरम अवस्थामा रहेको थियो। भूमिहीन बनेका थारुहरू कमैया, कमलरी बन्न बाध्य भएका थिए। नेपाल सरकारले पश्चिम तराईको विभिन्न जिल्लाहरूबाट सन् १७ जुलाई २००० मा २,००,००० कमैया मूक्ति[5] को घोषणा गरेको भए तापनि पुनर्स्थापनाको उचित व्यवस्था नभएको कारण थारुहरू कष्टपूर्ण जीवन बिताउन बाध्य छन्।

**उद्देश्यहरू**

- टीकापुर घटनाका क्रममा भएका मानवअधिकार हननका घटनाहरूको अनुगमन गरी सत्यतथ्य संकलन गर्ने।
- प्राप्त तथ्यहरूको आधारमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने।
- पीडितलाई न्याय दिलाउन सहयोग गर्ने।
- राज्यलाई मानवअधिकारप्रति संवेदनशील बन्न ध्यानाकर्षण गराउने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा घटनाको सत्यतथ्य उजागर गरी अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने।

**विधि**

मानवअधिकार अनुगमनका क्रममा स्थलगत भ्रमण, अन्तरवार्ता, समूहगत छलफल, अन्तरक्रिया गरी यो प्रतिवेदन तयार गरिएको हो। स्थलगत अनुगमनपछि पनि विभिन्न सरोकारवालाहरूसँग औपचारिक तथा अनौपचारिक बैठक गरी सूचनाहरूको पुष्टि गरी प्रतिवेदनलाई अन्ति रुप दिइएको छ।

---

[5] Tatsuro Fujikura (September 2011) Emanicpation of Kamaiyas: Development, Social Movemnt, And Youth Activistm in Post-Janaandolan Nepal in The Tarai; History, Society, Environment (Edited by Arjun Guneratne), P.54

*अन्तरवार्ता*

१. जिल्ला प्रशासन कार्यालय
२. कैलाली जिल्ला प्रहरी प्रशासन
३. कैलाली जिल्ला कारागार प्रशासन
४. अखण्ड सुदुरपश्चिम एकता समाज जनआन्दोलन परिचालन समितिका संयोजक
५. थुनामा रहेका बन्दी
६. स्थानीय पत्रकार
७. पूर्वसभासद् तथा जिल्लास्तरका नेताहरू
६. मृतक बालकका परिवार

*अन्तरक्रिया*

१. थरुहट/थारुवान संयुक्त संघर्ष समिति
२. राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय
३. इन्सेक

*समूहगत छलफल*

१. विभिन्न संघसंस्थाका प्रतिनिधिहरू
२. नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद, कैलाली
३. पूर्वसभासद् तथा जिल्लास्तरका नेताहरू

*स्थलगत अवलोकन*

१. घटना भएको स्थान
२. आगजनी तथा तोडफोड भएका घर, पसल, फर्निचर, शोरुम, छात्रवास, एफएम रेडियो स्टेशन आदि ।

## सीमा

यो प्रतिवेदन नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ले चैत्र १० देखि १३, २०७२ मा गरेको स्थलगत अध्ययनको आधारमा तयार गरिएको हो । यस अनुगमन प्रतिवेदनले ७ भदौ २०७२ मा भएको कैलाली घटना र सोपछि भएका मानवअधिकारको स्थितिका बारेमा मात्र समेटेको छ। कैलालीको टीकापुर नगरपालिका अनुगमन गरी यो प्रतिवेदन तयार पारिएको छ। प्रस्तुत अनुगमन सामुहिक अधिकारको सैद्धान्तिक परिधिभित्र रहेर गरिएको छ ।

## प्राप्त तथ्य

### द्वन्द्व अघि र पछिको अवस्था

थारुहरूहले पहिचानको पाँच (जातीय/पहिचान, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता) र सामर्थ्यका चार (आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमता) आधार[6] मा संघीय इकाइहरूको सीमांकन तथा नामांकनलगायतका विभिन्न मागहरू राखी चरणबद्ध आन्दोलनको घोषणा गरेका थिए। सो विषय पहिलो संविधानसभाले निर्क्योल गरेको थियो भने प्रमुख राजनीतिक दलहरूले त्यसमा सहमति जनाएका थिए। आन्दोलन स्वायत्तता, आत्मनिर्भरता, पहिचान, समानता, समावेशी हक अधिकारको लागि भएको संघर्ष समितिका एक सदस्यले बताए। उनका अनुसार हाम्रो आन्दोलन लोकतान्त्रिक र शान्तिपूर्ण थियो। आन्दोलनको नेतृत्व थरुहट/थारुवान संयुक्त संघर्ष समितिले गरेको थियो । संघर्ष समितिले पहिलो चरणको विरोधको कार्यक्रम सकिएपछि दोस्रो चरणको कार्यक्रमको घोषणा गऱ्यो ।

[6] संविधानसभा: राज्यको पूनर्संरचना र राव्य शक्तिको बाँडफाँड समिति, अवधारणा र प्रारम्भिक मस्यौदा प्रतिवेदन सम्बन्धी प्रतिवेदन, २०६६, पृ २१ ।

दोस्रो चरणको कार्यक्रम अन्तर्गत विभिन्न ठाउँमा भित्तेलेखन तथा नगरपालिकामा थरुहट स्वायत्त प्रदेश लेखेको ब्यानर राख्ने रहेको थियो। गाविसस्तरमा सम्पन्न भइसकेपछि भदौ ७ मा टीकापुर नगरपालिकामा त्यस प्रकारको विरोधको कार्यक्रम गर्ने योजना रहेको थियो। भदौ ७ गते टीकापुर भित्तेलेखन गर्ने कार्यक्रमका लागि टोल-टोलमा प्रचार गरिएको कारण हजारौंको संख्यामा मानिसहरूको उपस्थिति रहेको थारु अगुवाहरू बताउँछन्। सो कार्यक्रमा सहभागी हुन कैलालीलगायतका विभिन्न जिल्लाका थारु समुदायका व्यक्तिहरू स्वस्फूर्त रुपमा कार्यक्रम स्थलमा ट्र्याक्टर रिजर्भ गरी जाने योजनामा थिए। तर सो कार्यक्रम बिथोल्न प्रशासनको आडमा अखण्ड पक्षधरहरू लागेको र विभिन्न ठाउँमा अवरोध पुऱ्याएको थारु नेताहरू बताउँछन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कैलालीका क्षेत्रीय संयोजक खड्गराज जोशी पनि सो दिन अखण्ड पक्षधरहरूले अघिल्लो दिनको सहमति तोडी थरुहट/थारुवानको कार्यक्रम अवरोध गर्ने काम गरेको साथै मोटरसाइकल ऱ्यालीको आयोजना गरेको बताउँछन्।[7]

कार्यक्रम स्थलमा जानका लागि चिलम चौराहादेखि भैंसाबजारसम्मको हजारौं मानिसहरूको उपस्थिति थियो। उनीहरू चिलम चौराहाबाट अगाडि बढ्दै जाने क्रममा प्रहरीहरूले रोक्न खोज्यो। तर सम्भव भएन। जुलुस भैंसाबजार पुग्यो। त्यहाँ पुगेपछि प्रहरीको तर्फबाट प्लास्टिकको गोली हान्ने काम भयो। त्यसपछि झडप भयो र जुलुस तितरवितर भयो।

प्रदर्शनकारी र प्रहरीबीच भएको सो भिडन्तमा सात जनाको ज्यान गएको थियो। एसएसपीले गोली चलाउने आदेश दिएपछि भिड आक्रोशित भई झडप हुँदा सो घटना भएको प्रत्यक्षदर्शीहरूको भनाई रहेको छ। कार्यक्रम शान्तिपूर्ण रहेको, तर सो दिनभन्दा अघिका कार्यक्रमहरूमा तथा सो

7 भदौ ६ गते प्रशासनको पहलमा अखण्ड तथा थारु पक्षधरबीच एक अर्काको शान्तिपूर्ण आन्दोलनहरुमा अवरोध नगर्ने सहमति भएको थियो।

दिनको कार्यक्रममासमेत थारुहरू विरुद्ध अत्यधिक बल प्रयोग तथा दबावका कारण सो घटना घट्न पुगेको पूर्वसभासद् कृष्णकुमार चौधरी बताउँछन् । त्यसको २ घण्टापछि घटना भएको करीब १ किलोमिटरको दूरीमा २ वर्षे बालक टेकबहादुर साउदको गोली लागी मृत्यु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय कैलालीका संयोजक मोहनदेव जोशीका अनुसार भदौ ७ को घटनाको पृष्ठभूमि सो अघि नै बन्दै आइरहेको थियो । सामाजिक सद्भावका लागि साउन २७, भदौ ३ र ५ गरी पटक-पटक सर्वपक्षीय बैठक बसेको र एक अर्काको कार्यक्रम अवरोध नगर्ने सहमति समेत भएको थियो । तर ती सहमतिहरू पालना गर्ने काम नभएको कारण सामाजिक तिक्तता बढ्न गई सो घटना घटेको जोशीको भनाई रहेको छ। भदौ ५ गतेसमेत बृहत रुपमा सर्वपक्षीय बैठक बसी आचारसंहितासमेत बनेको भए तापनि कार्यान्वयन हुन सकेन ।

भदौ ७ को घटनाको अर्को तात्कालीक कारण भदौ ४ को घटना भएको अनुगमनमा पाइयो । सो दिन अखण्ड पक्षधरले आफ्ना प्रदेश थप गर्ने माग सरकारले सम्बोधन गरेपछि विजय जुलुसको रुपमा मोटरसाइकल ऱ्याली निकाले । सो ऱ्याली थारुहरूको असहमतिका बावजूद निषेधित क्षेत्र तोकिएको क्षेत्र नाघेर अघि बढे । थरुहटका नेताहरूले विजयजुलुस त्यसतर्फ ननिकाल्न अनुरोध गरेको भएपनि सुखडसम्म जान भनी प्रशासनले अनुमति दियो । त्यसपछि प्रशासनले अत्तरियाबाट अगाडि बढ्न नदिने भनी थारुहरूलाई आश्वासन दिएको भए तापनि प्रहरीकै स्कर्टिङमा ऱ्याली अघि बढ्यो । अनियन्त्रित सो ऱ्यालीले थारुहरूको घरमा आगो लगाउने प्रयास गर्नुका साथै घरघरमा पसी थारुहरूको ३२ वटा मोटरसाइकल जलाइए । थारुहरूको घरको छाना भत्काइदिए । विद्यार्थीको कापी किताबसमेत उनीहरूले जलाए । तर थरुहट आन्दोलनकारीलाई भने धनगढीमा आमसभा गर्न दिइएन । ती सबै घटनाहरूले थारु सर्वसाधारण आक्रोशित बनेका कारण भदौ ७ को घटना भएको थारु नेता तथा सर्वसाधारणहरू बताउँछन् । अखण्डका केही

अराजक व्यक्तिहरूबाट थारुहरूको आन्दोलनमा अवरोध पुऱ्याउने काम भएको इन्सेक कैलालीका क्षेत्रीय संयोजक खड्गराज जोशीले बताए ।

घटनाको दुई दिन (भदौ ९) मा स्थलगत अनुगमन गर्दा थारुहरूमा डर, त्रास र असुरक्षाको अवस्था रहेको राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनमा संलग्न प्रतिनिधिहरूले बताए । इन्सेक कैलालीका प्रतिनिधिहरूले पनि ९ भदौमा अनुगमनका लागि जाँदा गाउँमा डर, त्रास छाएको र आगजनीपछि घरहरू जलिरहेको देखिएको बताए ।

**राज्यको निकायप्रति स्थानीयको अविश्वास**

टीकापुर घटना भए लगतै कैलाली जिल्लाको प्रजिअ तथा सुरक्षा प्रमुखलाई काठमाडौं बोलाइएपछि नयाँ प्रजिअ र सुरक्षा प्रमुख खटाइएको छ । बहालवाला प्रशासन प्रमुख तथा सुरक्षा निकाय प्रमुखहरू भदौ ७ र ८ को आगजनी र लुटपाट घटना पुरानो भइसकेको कारण सत्यतथ्य आउन नसक्ने बताउँछन् । घटना भएको स्थानमा हाल कुनै समस्या नरहेको र शान्ति, अमनचयन तथा सामाजिक सद्भाव कायम रहेको उनीहरूको दाबी रहेको छ । तर थारुहरू सो कुरा मान्न तयार छैनन् । उनीहरूको सुरक्षा तथा सामाजिक सद्भाव कायम गर्ने कुरामा स्थानीय प्रशासन उदासीन रहेको र अखण्ड पक्षतर्फ लागी जातीय सद्भाव बिथोलेको उनीहरूको दाबी रहेको छ ।

थारु समुदायमा स्थानीय प्रशासन तथा सुरक्षा निकायप्रति अविश्वास बढेको छ । असुरक्षा तथा पक्राउ पर्ने त्रासका कारण थारु युवा तथा स्थानीयस्तरका नेताहरू विस्थापनमा परेका छन् । त्रासका कारण गाउँमा रहेकाहरू पनि खुला रुपमा हिँड्डुल गर्न नसक्ने अवस्थामा रहेका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले सुरक्षा दिनेमा कति पनि भरोसा नभएको उनीहरूको भनाई रहेको छ ।

थारुहरूका अनुसार प्रहरीको ज्यादतीका कारण सो घटना घटेको हो। प्रहरीले अखण्ड पक्षलाई सहयोग गरेको र पहाडीहरू नै सुरक्षा निकायमा भएको र भजनी (त्रिशक्ति नपा) इन्चार्ज इन्सपेक्टर भरत शाहले २०७२ भदौ ७ गतेभन्दा अगडि थारु युवा, बडघर, महिलाहरूलाई आन्दोलनमा गएमा गोली खाइन्छ, विचार गर्नुहोस् भन्दै घर-घरमा गएर धम्की दिएको कारण जनता आक्रोशित बनेको र घटना भएको थारुहरूको बुझाई छ। आन्दोलन दबाइएका कारण थारुहरूमा आक्रोश बढ्न गएको थियो। अखण्ड सुदूरपश्चिम एकता समाज जनआन्दोलन् परिचालन समितिका संयोजक गोपाल बोहोराले पनि सो घट्ना हुनुमा प्रशासनको गल्ती रहेको बताउनु भएको थियो ।

**विस्थापन**

टीकापुर घटनापछि कैलालीको थापापुर, नवलपुर, बौनिया, पथरैहिया, मुनुवा फैरा र गोचौराबाट हजारौं थारु युवा तथा अगुवाहरू प्रशासनले पक्राउ गर्ने तथा अनाहकमा दुःख दिने भएका कारण विस्थापनमा परेको स्थानीय अगुवा तथा विस्थापनमा परेकाहरूको आफन्त बताउँछन्। विस्थापनमा परी उनीहरू छिमेकी जिल्लाहरू, काठमाडौं र भारतका विभिन्न ठाउँमा कष्टकर जीवन बिताउन बाध्य भएको उनीहरूको आफन्तले बताए।

पक्राउ तथा आक्रमणमा पर्ने डरका कारण उनीहरू आफ्नो परम्परागत थलो जान नसकेको विस्थापनमा परेका थारु नेता तथा अग्रजहरू बताउँछन्। असुरक्षा र त्रासका कारण आफ्ना भएको पुर्ख्यौली भूमि तथा सम्पत्ति त्यागेर तथा सस्तोमा बेचेर अरु स्थानमा बसाइँ सराई गर्ने मानसिकतामा रहेको पीडितहरू बताउँछन्।

**मानवअधिकार संस्थाहरूको प्रतिक्रिया**

टीकापुर घटनाका सम्बन्धमा नेपालका मानवअधिकार सम्बन्धी संघसंगठनहरूको तत्काल कुनै प्रतिक्रिया आएको देखिएन। नेपालका

आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) घटना भएकै दिन निष्पक्ष छानविन तथा सुरक्षा परिषद्को सेना परिचालन गर्ने निर्णय तत्काल फिर्ता लिन आग्रह गर्दै प्रेस विज्ञप्ती[8] जारी गरेको थियो । साथै लाहुर्निपले ८ भदौमा आदिवासी अधिकार सम्बन्धी विशेष समाधिक्षकलगायतलाई मानवअधिकार हननको स्वतन्त्र अन्तर्राष्ट्रिय अनुगमनका लागि पत्राचार[9] गरेको छ ।

त्यस्तै राष्ट्रिय मानव अधिकार आयोगले घटना भएको भोलिपल्ट निष्पक्ष छानविन तथा संयमित र संवेदनशील बन्न आग्रह गर्दै प्रेस विज्ञप्ती[10] प्रकाशित गरेको थियो । साथै आयोगले २४ भदौ २०७२ मा टीकापुर घटनाको पुनरावृत्ति हुन नदिन भन्दै प्रेस नोट[11] जारी गरेको थियो ।

## मानव अधिकारको अवस्था

### पहिचानको आधारमा विभेद र आत्मनिर्णयको अधिकार

पहिचानकै आधारमा विभेद हुनु सामाजिक अपराध हो । हरेक प्रकारका जातीय विभेद उन्मूलन  सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको प्रस्तावनामै जातीय आधारमा उँचनीचको व्यवस्था वैज्ञानिक रुपमा गलत, नैतिक रुपमा भर्त्सना योग्य, सामाजिक रुपमा अन्याय खतरनाक हुने र सोको सैद्धान्तिक र व्यवहारिक रुपमा कहीं पनि पुष्टि गर्न नसकिने उल्लेख छ ।[12]

---

8 लाहुर्निपले ७ भदौ २०७२ मा जारी गरेको प्रेस विज्ञप्ती ।

9 Communiction to Special Rapporteur on the Rights of Indigenous Peoples and Special Rapporteur on extrajudicial, Summary or arbitray ececutions

10 राष्ट्रिय मानव अधिकार आयोगले ८ भदौ २०७२ मा जारी गरेको प्रस विज्ञप्ती ।

11 राष्ट्रिय मानव अधिकार आयोगले २४ भदौ २०७२ मा जारी गरेको प्रेस नोट ।

12 ICERD, Preamble

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६[13] र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६[14] ले प्रत्येक जनतालाई आत्मनिर्णयको अधिकार हुन्छ भनेको छ। सोही कुरा आदिवासी समुदायको हकमा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र[15]मा उल्लेख छ।

तर थरुहट/थारुवान स्वायत्त प्रदेशको अधिकार सुनिश्चित गर्नुपर्ने मागसाथ गरिएको आन्दोलनको क्रममा कैलालीमा एक समुदायलाई लक्षित गरी कर्फ्यु लगाउने काम भएको छ। सो अन्तर्राष्ट्रिय कानूनको खिलाफ छ। साथै जनताको आर्थिक, सामाजिक तथा राजनीतिक प्रणाली तथा पद्धति रोज्न पाउने र शान्तिपूर्ण रुपमा सो अधिकारका लागि विरोध गर्ने तथा प्रदर्शन गर्ने अधिकारप्रति लक्षित गरी बल प्रयोग गर्नु उल्लिखित कानून तथा प्रावधानहरू विपरीत छ।

**स्वतन्त्र तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकार**

टीकापुर घटनापछि सो क्षेत्रका थारु समुदायका व्यक्तिहरूको स्वतन्त्रता तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हनन् भएको देखिन्छ। अनुगमनका क्रममा सो क्षेत्रका आदिवासी थारु समुदायका सदस्यहरू आफ्नो गाउँबाट बाहिर निस्कन नसक्ने तथा पक्राउ पर्ने डरका कारण अपरिचित व्यक्तिहरूसँग बोल्न तथा भेटघाट गर्नसमेत डराउने गरेको पाइयो। तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३[16] ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक सुरक्षित गरेको थियो। नेपालको संविधान[17]मा पनि सोही व्यवस्था कायम छ। नेपाल पक्ष भएका संयुक्त

---

[13] ICCPR, Art 1.

[14] ICESCR, Art. 1.

[15] UNDRIP, Art. 3

[16] धारा १२(१)

[17] धारा १६(१)

राष्ट्रसंघीय मानव अधिकार सम्बन्धी नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६[18] ले जुनसुकै अवस्थामा पनि जीवन अधिकारको प्रत्याभूति गरेको छ। आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र[19] ले आदिवासी व्यक्तिहरूलाई बाँच्न पाउने, शारीरिक तथा मानसिक अखण्डता, स्वतन्त्रता तथा शारीरिक सुरक्षाको अधिकार प्रदान गरेको छ। टीकापुर घटनापछि उनीहरूले भोगिरहेको दैनिक जीवनको अवस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूको उल्लंघन भएको प्रष्ट छ।

**शान्तिपूर्ण भेला हुने अधिकार**

नेपालको अन्तरिम संविधान, २०६३[20] ले बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता प्रदान गरेको थियो। सोही व्यवस्था नेपालको संविधान[21] ले समेत सुनिश्चित गरेको छ। नागरिक अधिकार ऐन, २०१२[22] मा शान्तिपूर्वक र बिना हतियारको सम्मेलन, सभा गर्ने स्वतन्त्रता प्रदान गरेको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६[23] मा पनि जनताको यस प्रकारको अधिकार सुनिश्चित गरिएको छ। यस प्रकार शान्तिपूर्ण रुपमा भेला हुने तथा विरोध गर्न पाउने कुनै पनि नागरिकको अधिकार हो। तर कैलालीका जनता त्यो अधिकारबाट बन्चित भएको पाइएको छ। आफ्नो राजनीतिक तथा सामाजिक अधिकारका लागि शान्तिपूर्ण भेला तथा प्रदर्शनका क्रममा प्रहरी परिचालन तथा उनीहरूको त्यस प्रकारको कार्यक्रममा बन्देज लगाउन खोजिएको स्पष्ट छ। यसको अलावा एक जातीय पक्षलाई सोही प्रकारको कार्यक्रम गर्ने छुट दिने अर्को समूहलाई बन्देज लगाउने काम जातीय विभेद अन्तर्गत पर्दछ। पूर्वसभासद् कृष्णकुमार

[18] धारा ६

[19] धारा ७ (१)

[20] धारा १२ (२) ख)

[21] धारा १७ (२) (ख)

[22] दफा (६२)

[23] धारा २१

चौधरीका अनुसार शान्तिपूर्ण प्रदर्शनमा रहेका थारु समुदायका व्यक्तिहरूलाई प्रहरीले विभिन्न ठाउँमा रोक्ने काम गरेको छ । घटना भएको अघिल्लो दिन कुनै पनि समूहको शान्तिपूर्ण कार्यक्रमहरूलाई अन्यले अवरोध नगर्ने सहमति थारुहरू र अखण्डबीच प्रशासनको रोहबरमा भएको भए तापनि सो दिन थारुहरूको शान्तिपूर्ण ऱ्यालीलाई अवरोध गर्ने नियतले अखण्ड सुदूरपश्चिमका कार्यकर्ताहरूले मोटरसाइकल ऱ्याली निकालेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का क्षेत्रीय संयोजक खड्गराज जोशीले बताए । घटना भएको अघिल्लो दिन पनि थारुहरूको कार्यक्रम बिथोल्न कार्यक्रममा आउँदै गरेका ट्र्याक्टरहरू कार्यक्रममा आउन नदिन बाटोमै अवरोध गरेको जोशीले बताए । त्यस अवस्थामा प्रशासन मौन बसेको थारु नेता तथा अगुवाहरूको भनाई रहेको छ । हरेक प्रकारको जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि[24] ले प्रत्येक राज्यले कुनै पनि व्यक्ति तथा संगठनका विरुद्ध हुने जातीय विभेदलाई सहयोग तथा बचाउ नगर्ने बताएको छ । तर टीकापुर घटनाको क्रममा थारुहरूका विरुद्धमा भएको घटनामा स्थानीय प्रशासन मौन बस्नु माथि उल्लिखित कानूनी प्रावधानहरूको उल्लंघन भएको देखिन्छ ।

**यातना, अपमानजनक तथा अमानवीय व्यवहार विरुद्धको अधिकार**

नेपालको अन्तरिम संविधान, २०६३[25] मा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने प्रावधान रहेको छ । त्यस्तै नेपालको संविधान[26]मा पनि सोही प्रावधान रहेको छ । नागरिक तथा राजनीतिक

---

[24] धारा २(१) (क)

[25] धारा २६(१)

[26] धारा२२(१)

अधिकार विषयक अनुबन्ध १९६६[27] र यातना विरुद्धको महासन्धि, १९८४ का विभिन्न धाराहरूले समेत त्यस प्रकारको यातना तथा अमानवीय व्यवहार गर्न नपाइने प्रावधान राखेको छ ।

टीकापुर घटनापछि २४ जनालाई पक्राउ गरी ज्यान सम्बन्धी मुद्दा चलाइएको छ । उनीहरूलाई पक्राउ पछि हिरासतमा चरम यातना दिइएको अनुगमनका क्रममा पाइयो । हिरासतमा दिइएको यातनाका कारण अधिकांश कैदीहरू शारीरिक रुपमा अशक्त तथा मानसिक रुपमा विक्षिप्त बनेको कैदीहरूले बताए ।

अधिकांश थुनामा रहेकाहरूलाई हिरासतमा चरम यातना दिइएको थुनामा रहेकाहरू बताउँछन् । हाल जिल्ला कारागारमा २२ जना रहेका छन् । २ जनालाई काठमाडौं ल्याइएको छ । तीमध्ये अधिकांशको ढाड, कानलगायत शरीरको विभिन्न भागमा घाउ चोट रहेको उनीहरू बताउँछन् । हिरासतमा भएको यातनाका कारण हालसम्म पनि शारीरिक पीडा तथा दुखाई रहेको बन्दीहरूको भनाई रहेको छ । कारागार प्रशासनले बन्दीहरूबाट उपचारका लागि निवेदन आउने गरेको भनेबाट पनि प्रहरी हिरासतमा उनीहरूमाथि यातना भएको प्रष्ट हुन्छ । हिरासतमा रहेका पीडितहरूलाई कैलाली जिल्ला अदालतले घाउजाँच गर्ने आदेश दिएपछि सुरक्षाकर्मीहरूले सेती अञ्चल अस्पतालमा लगेका थिए । अस्पतालले फरेन्सीक विशेषज्ञ नभएका कारण सम्भव छैन भनी फिर्ता पठायो । हिरासतमा रहेका बेला प्रहरीको सहयोगमा अन्य हिरासतमा रहेकाहरूबाट समेत यातना तथा अपमानजनक व्यवहार गरिएको उनीहरू बताउँछन् ।  तर बन्दीहरू जेल चलान भएपछि भने त्यस्तो अवस्था नरहेको उनीहरूको भनाई छ ।

[27] धारा ७

जिल्ला कारागार कैलालीका प्रहरी सहायक निरीक्षक नृपराज अधिकारीका अनुसार कैदीहरूलाई कुनै पनि स्वास्थ्य समस्या देखिएमा उनीहरूको उपचारका लागि कारागार प्रशासन तयार रहेको तथा उनीहरू आफैं नीजि रुपमा उपचार गर्न चाहेमा समेत सहयोग गर्न तयार रहेको बताए। तर त्यसका लागि सम्बन्धित घाइते तथा बिरामीहरूबाट लिखित रुपमा माग आउनुपर्ने उनको भनाई रहेको छ। टीकापुरका थारु समुदायका मानिसहरू जुनसुकै बेला पनि पक्राउ पर्ने डरले मानसिक रुपमा आतंकित र त्रसित छन्, जसका कारण उनीहरू सहजै बजार जान तथा आफ्ना पूर्ववत् दैनिकीमा फर्कने अवस्था हालसम्म बनेको छैन।

**निष्पक्ष सुनुवाइको अधिकार**

नेपालको अन्तरिम संविधान, २०६३[28] र नेपालको संविधान[29]ले निष्पक्ष सुनुवाईको व्यवस्था गरेको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६[30]ले पनि सोही बमोजिमको व्यवस्था गरेको छ। तर कैलालीका पीडितहरूले निष्पक्ष सुनुवाईको अधिकार उपभोग गर्न नपाएको बताउँछन्। जिल्ला अदालतमा २० जना थारु विरुद्ध ज्यान सम्बन्धी मुद्दा लगाइएको छ। तर कैदीका आफन्त तथा स्वयं कैदीहरू सो कुरा मान्न तयार छैनन्। कैलाली जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उदयबहादुर सिंहले प्रशासन शान्ति सुरक्षामा दृढ भएको र टीकापुर घटनापछि शान्ति कायम गर्न विभिन्न कार्यक्रम गरिएको दाबी गर्छन्। तर स्थलगत भ्रमणका क्रममा त्यस्तो कुनै काम भएको पाइएन। अखण्ड सुदूपश्चिम एकता समाज जनआन्दोलन परिचालन समितिका संयोजक गोपाल बोहोराले समेत केही निर्दोषहरू समेत परेको र उनीहरूले न्याय पाउनुपर्ने बताउँछन्। एसपी राजेन्द्र बिष्टका अनुसार भदौ ८ गते भएको आगजनीको घटना

[28] धारा २४

[29] धारा २० (९)

[30] धारा ९

पुरानो भएको कारण त्यसको यथार्थ विवरण आउन नसक्ने भएको हुनाले कारबाही प्रक्रिया समेत अप्ठ्यारोमा पर्ने भएको हुँदा कारबाही अगाडि बढाउन नसकिएको बताए। पीडितहरूले ८ गतेको आगजनी घट्नाको जाहेरी दिँदा लिन नमानेपश्चात् हुलाकबाट रजिष्ट्रेशन गरी जाहेरी पठाए तापनि हालसम्म कुनै कारबाही भएको छैन। सेती अञ्चल अस्पताल विकास समितिको २०७२ भदौ २० को स्वास्थ्य रिपोर्टमा बन्दीहरूको शरीरमा निलडाम भएको, मासु च्यातिएको, रक्तश्राव भएको, घाउ भएको भनिएबाट पनि उनीहरूलाई यातना दिइएको थाहा हुन्छ, जसले उनीहरू यातना विना निष्पक्ष सुनुवाईको अधिकारबाट बन्चित भएको प्रष्ट देखिन्छ।

कारागारमा भेटिएका अधिकांश बन्दीहरूले आँखामा पट्टी बाँधेर प्रहरी हिरासतमा यातना दिइएको गम्भीर कुटपीटको कारण एकजनालाई हालसम्म दिसा बस्नसमेत गाह्रो हुने, एकजनालाई पैतालामा अत्यधिक कुटेको कारण हिंड्न नसक्ने अवस्थामा रहेका छन्। एक जनाको कानको जाली फुटाई दिएकोले हाल कान कम सुन्ने गरेको बताएको थियो। हिरासतमा प्रहरीले विवरण लेखेको कागजमा पढ्न नै नदिई जबरजस्ती सहिछाप गर्न लगाएको बताएका थिए। जिल्ला अदालतमा म्याद थप गराउन ल्याएको बखत न्यायधीशलाई यातना दिएको विषय बताएको आधारमा हिरासतभित्र के तेरो न्यायधीश थारु कल्याणकारीणीको संयोजक हो ? भन्दै कुटपीट गरेको बन्दीहरूले बताए। मृगौलाको विरामीलाई समेत उपचारबाट बन्चित गरी कुटपीट गरेको देखियो।

बन्दीहरूले पक्राउ परेका १२ वर्षीय नाबालकलाई तिमी प्रहरीको हवल्दार हो भन्दै उक्साउँदै 'यसो भन, उसो भन' भनी डिक्टेट गरी नभएको कुरा बोल्न लगाएको बताए।

रेडक्रसले उपचारको लागि अस्पताल लाँदा हरिनारायण चौधरीलाई प्रहरीले पक्राउ गरेको बताए। कतिपयलाई आफ्नै घरमा सुतिराखेको अवस्थामा

१२ बजे रातीतिर पक्राउ गरेको र प्रहरीको गाडीभित्रै र हिरासतमा पनि कुटपीट गरेको बन्दीहरूले बताए ।

भाद्र ७ गते घट्ना भएको समयमा, आफ्नै गाउँको प्रहरी चौकीमा छिमेकीसँग घाँसको विषयमा झगडा परेकोमा मिलाउन दिनभर व्यस्त रहेको नुरुल जागालाई भलमन्सा सहायक भएकै आधारमा पक्राउ गरी झुट्ठा मुद्दामा फसाइएको उनले बताए ।

५८ जनामाथि कर्तव्यज्यान, डाका, ज्यानमार्ने उद्योग जस्तो गम्भीर अपराधमा मुद्दा चलाइएको छ । जम्मा २४ जना पक्राउ परेको र ३४ जना पक्राउ नभएको देखिन्छन् । त्यसमध्ये अधिकांश आन्दोलनमा संलग्न नभएका अनुगमनको क्रममा बताइएको थियो ।

मिति २०७२ भाद्र ७ बेलुकाबाट कर्फ्यु जारी रहेकै समयमा टीकापुरमा थारु समुदायका घरपसल छानीछानी आगजनी र लुटपाट निरन्तर भोलिपल्ट ८ गते बेलुकासम्म जारी रहेको थियो । उक्त कार्य आर्मीहरू आएपछि मात्र रोकिएको स्थलगत भ्रमणको सन्दर्भमा बुझिएको छ ।

**मानवअधिकार रक्षकहरूको अधिकार**

संयुक्त राष्ट्रसंघले सन् १९९८ मा Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms जारी गऱ्यो । राष्ट्रिय मानवअधिकार आयोगले पनि मानवअधिकार रक्षक मार्ग निर्देशिका, २०६८ जारी गरेको छ । तर टीकापुर घटनाका क्रममा लाहुर्निप आवद्ध मानव अधिकार प्रतिरक्षक तथा कानून व्यवसायी सर्जु प्रसाद चौधरीसमेत सो क्षेत्रमा जान नसक्ने अवस्था बनेको र उनी स्वयंको धनजनको समेत आगजनी भएको थियो । साथै निष्पक्ष समाचार संकलनका लागि घटनास्थलमा पत्रकारहरूको समेत

पहुँच सो समयमा असम्भवप्राय रहेको स्थानीय तथा राष्ट्रिय स्तरका संचारकर्मीहरू बताउँछन् ।

**बालबालिकाको अधिकार तथा शिक्षाको अधिकार**

नेपालको अन्तरिम संविधान, २०६३[31]ले नेपाली नागरिकहरूको शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था गरिएको थियो । नेपालको संविधान[32]मा पनि शिक्षासम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६[33]मा पनि प्रत्येक व्यक्तिको शिक्षाको अधिकार हुने उल्लेख छ । बाल अधिकार सम्बन्धी महासन्धि, १९८९[34]ले पनि यस विषयलाई सम्बोधन गरेको छ ।

टीकापुर कैलालीका थारु समुदायका बालबालिका हाल विद्यालय जानबाट बन्चित भएको अवस्था रहेको छ । कति बालबालिका छन् भन्ने तथ्याङ्क छैन । तर कारागारमा रहेकाहरूको १० बालबालिका विद्यालय जान सकेका छैनन् । डर त्रासका कारण उनीहरू विद्यालयसम्म जान नसकिरहेको अवस्था रहेको छ । अविभावकहरूमा रहेको डर तथा अनिश्चितताका कारण उनीहरू अधिकांश आफ्ना बालबालिकालाई विद्यालय पठाउन तयार छैनन् । साथै टीकापुर क्षेत्रबाट विस्थापनमा परेका थारु समुदायका बढी बालबालिकाहरू विद्यालय शिक्षाबाट बन्चित रहेका छन् ।

२०७२ भदौ ७ मा घटना भएको २ घण्टापछि २ वर्षीय बालक टेकबहादुर साउदको गोली लागी मृत्यु भएको छ । सो हत्यामा थारुहरूको संलग्नता

[31] धारा १७
[32] धारा ३१
[33] धारा १३
[34] धारा २८

रहेको कतिपय संचार माध्यम तथा मानव अधिकारवादी संघसंस्थाहरूले समाचार तथा प्रतिवेदनमा उल्लेख गरेका छन् । थरुहट आन्दोलनले उक्त कुराको खण्डन गरेको छ । तर घटना भएको ठाउँबाट करीब १ किलोमिटरको दुरीमा भएको घरमा बालकमाथि गोली लाग्नु र घटना भएको २ घण्टापछि प्रहरी परिचालन व्यापक भएको अवस्थामा सो घटना भएको देखिन्छ । साथै थारुहरूसँग बन्दूक भएको भन्ने राज्यको अनुसन्धान गर्ने निकायबाट प्रमाणित हुन सकेको छैन । सरकारी पक्षबाट पेश भएको अभियोगपत्रमा समेत त्यस प्रकारको दाबी रहेको छैन । बालकमाथि भएको सो जघन्य घटनाको छानवीन अगाडि नबढाइनु आफैंमा रहस्यमय छ ।

**स्वास्थ्यको अधिकार**

नेपालको अन्तरिम संविधान, २०६३[35]ले स्वास्थ्य अधिकारसम्बन्धी अधिकारको व्यवस्था गरेको थियो । नेपालको संविधान[36]ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने, आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुने उल्लेख गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६[37]ले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम स्तर प्राप्तिको अधिकारलाई सुनिश्चित गरेको छ ।

टीकापूर घटनापछि थारु समुदायका व्यक्तिहरू उपचारका लागि नजिकको स्वस्थ्यचौकी तथा अस्पतालहरूमा उपचारका लागि जाने अवस्था नरहेको उनीहरूको दाबी रहेको छ । कुनै पनि प्रकारको विरामीको अवस्थामा उपचारका लागि अस्पतालहरू जाँदा आन्दोलनमा संलग्न भएको भन्ने आरोप लगाई प्रहरीले पक्राउ गर्ने उनीहरू बताउँछन् । घटना भएको दिन अस्पतालमा बिरामी कुर्न तथा लुगा पुऱ्याउन गएका राजकुमार चौधरी र

35 धारा १६

36 धारा ३५

37 धारा १२

दिलबहादुर चौधरीलाई अस्पतालबाटै प्रहरीले पक्राउ गरेको थियो । हाल उनीहरू जिल्ला कारागार कैलालीमा छन् । आफ्नै मेडिकल संचालन गरिरहेकालाई आन्दोलनमा लागेको आरोपमा पक्राउ गरिएको छ । यसले थारुहरूलाई सहज रुपमा स्वास्थ्यमा पहुँचको अधिकारबाट समेत बन्चित गरिएको छ ।

कारागारमा रहेकाहरूले समयमा उपचार नपाएको बन्दीहरूको भनाई रहेको छ । आर्थिक तथा प्राविधिक कठिनाईका कारण असाध्य तथा जटील स्वास्थ्य समस्या रहेका बिरामीहरू कारागारको पहलमा उपचार गर्न सम्भव नरहेको कारागार प्रशासनले बताए । बन्दीहरूले आफैं उपचार गराउनका लागि कारागारको प्रक्रिया उनीहरूलाई थाहा नभएका कारण उपचार गर्न सकिरहेका छैनन् ।

## साँस्कृतिक अधिकार

नेपालको अन्तरिम संविधान, २०६३[38]ले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकालदेखि चलिआएको धर्मको अवलम्बन वा अभ्यास गर्ने मौलिक हक प्रदान गरेको थियो । नेपालको संविधान[39]ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने मौलिक हक प्रत्याभूत गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६[40]ले प्रत्येक व्यक्तिका साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

---

[38] धारा २३

[39] धारा ३२(२)

[40] धारा १५

आन्दोलन तथा सोपछि थारुहरूको साँस्कृतिक अधिकार हनन भएको पीडितहरूको बयानबाट थाहा हुन्छ। सबै थारुहरूले मनाउने गरेको आइतबारीलगायतका पर्वहरूमा जिल्ला प्रशासनमा पर्व मनाउन पाउँ भनी निवेदन दिँदा समेत प्रशासनले अनुमति नदिएको थारुहरूको भनाई रहेको छ। तर पहाडीया समुदायले मनाउने गरेको तीज, गौरालगायतका पर्वहरूमा भने दिनभर कर्फ्यु हटाइएको थियो। यसरी कुनै एक समुदायाई मात्र लक्षित गरेर कर्फ्यु लगाउनुले थारुहरूलाई साँस्कृतिक रुपमा विभेद गरिएको देखिन्छ। राज्यमा अहिले पनि नश्लीय सर्वोच्चताको अवधारणा कायमै रहेको देखिन्छ।

थारुहरूको परम्परागत संस्था बडघर/भलमन्साहरूलाई आन्दोलन परिचालन गरेको आरोपमा पक्राउ गरी यातनासमेत दिइएको पाइयो। साथै गाउँका अन्य बडघर/भलमन्सा, उनीहरूको आफन्त तथा सहयोगीहरूलाई समेत जिल्ला प्रशासनले पक्राउ गर्ने धम्की दिएका कारण कोही पनि भलमन्सा बन्न तयार नभएको हुँदा सो संस्था लोप हुने अवस्थामा रहेको छ। ती परम्परागत संस्थाहरू लोप हुँदा थारु समुदायभित्रको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, न्यायिक विकास तथा निरन्तरतामा अवरुद्ध हुने देखिन्छ। थारुलगायत आदिवासीहरूको परम्परागत संस्था लोप गरी बिलोपीकरणमा पारी अझ एकल जातीय हैकमवादलाई प्रश्रय दिने राज्यको नीति देखिन्छ।

**सम्पत्तिको अधिकार**

नेपालको अन्तरिम संविधान, २०६३[41]ले प्रत्येक नागरिकलाई सम्पत्तिको अधिकार हुने प्रावधान राखेको छ। नेपालको संविधान[42]ले समेत सोही प्रावधान राखेको छ।

---

41 धारा १९(१)

42 धारा २५ (१)

२०७२ भदौ ७ को घटनापछि कैलालीको टीकापुरलगायतका क्षेत्रमा स्थानीय प्रशासनले कर्फ्युकै आदेश जारी गऱ्यो । क्याबिनेटले सेना परिचानलको निर्णय गऱ्यो । कर्फ्युकै माझ घटना भएको दिन र त्यसको भोली पल्ट (भदौ ८)मा थारुहरूको घर तथा पसलहरू छानीछानी आगजनी गर्ने काम भयो । आगजनीका कारण करोडौं मूल्य बराबरको सम्पत्ति नष्ट भएको छ । कर्फ्युकाबीच त्यस प्रकारको आगजनीमूलक क्रियाकलापहरू थारुहरूको घर तथा पसलहरूमा मात्र हुनु आफैंमा आश्चर्यजनक छ । त्यसले राज्य जनताको सम्पत्ति तथा जीउधनको रक्षामा उदासिन बनेको प्रष्ट छ ।

२०७२ भदौ ७ मा भएको आगजनीका क्रममा निरु ट्रेडर्सलगायतका अधिकांश घर तथा पसल नष्ट भएको छ । सो पसल संचालकका अनुसार करीब १ करोड बराबरको नोक्सानी भएको छ । तर, स्थानीय प्रशासनमा क्षति बारे उजुरी दिंदा प्रशासनले लिन नमानेको र सो विषयमा हालसम्म कुनै पनि सुनुवाई नभएको उनको भनाई रहेको छ । प्रशासन भने सो विषयमा हालसम्म कुनै पनि उजुरी नपरेको र घट्ना पुरानो भइसकेको कारण त्यसबारे यथार्थ जानकारी लिन नसक्ने बताउँछन् । निरु ट्रेडर्सबाट करीब १०० मीटरको दूरीमा बारुण यन्त्रको कार्यालय रहे पनि आगो निभाउन कुनै प्रयास नभएको, घरको माथिल्लो तल्लाको कोठामा गर्भवती महिला तथा घरका अन्य सदस्य रहेकै अवस्थामा दुईदुई पटक आगजनी गराउने कार्य भएको स्थलगत भ्रमणको क्रममा बुझियो ।

थारु कल्याणकारीणीसभा क्षेत्र नं. १ कैलालीले संचालन गरेको थारु शिल्पकला प्रशिक्षण केन्द्र नामक छात्रावास पनि ८ गते आगजनी तथा तोडफोड गरिएको छ । थारु कल्याणकारीणीसभाका क्षेत्रीय संयोजक गोपाल प्रसाद थारुका अनुसार सो आगजनीमा करीब १६ लाख बराबरको क्षति भएको छ । आगजनीका क्रममा सिलाई मेसिनलगायत सिलाईका विभिन्न लत्ताकपडा समेत नष्ट भएको छ । तोडफोड तथा आगजनीमा एजीएस

ट्रेडर्सको ५० लाख र फूलबारी एफएमको करीब २० लाख बराबरको क्षति भएको थारु अगुवाहरूको आंकलन रहेको छ ।

कर्फ्युकाबीचमा भएको त्यस प्रकारको तोडफोड तथा आगजनीमा अखण्ड पक्षधरको हात रहेको थारुहरूको भनाई रहेको छ भने अखण्ड सुदुरपश्चिम एकता समाज जनआन्दोलन परिचालन समितिका संयोजक गोपाल बोहोरा भने यो कुरा मान्न तयार छैनन् । उनीहरूका अनुसार आन्दोलनमा त्यस प्रकारको घटना हुनु स्वभाविक हो र सोही प्रकृतिको घटना गैरथारुमाथि पनि भएको, यसबारेमा पनि कुरा उठाउनु पर्छ र त्यसबारेमा मानव अधिकार आयोगमा समेत उजुरी गरेको उनले बताए । गैरथारुहरूको के कति क्षति भयो भन्ने विषयमा भने उनले बताउन चाहेनन् ।

| **क्र.सं.** | **आगजनी भएका सम्पत्तिको विवरण** | **क्षति** | **कैफियत** |
|---|---|---|---|
| १. | निरु ट्रडर्स | करीब १ करोड | |
| २. | टीकापुर नगरपालिका शपिङ कम्प्लेक्सको कोठा नं. १६, १७ र २२ | नखुलेको | |
| ३. | एजीएस ट्रेडर्स | करीब ५० लाख | |
| ४. | थारु शिल्पकला प्रशिक्षण केन्द्र टीकापुर, कैलाली (छात्रावास) | करीब १६ लाख ४८ हजार | |
| ५. | फूलबारी एफ.एम | करीब २० लाख | |
| ६. | मिना फर्निचर उद्योग | नखुलेको | |

*स्रोत: स्थलगत अनुगमन, २०७२*

*द्रष्टव्य: यो तथ्याङ्क स्थलगत अनुगमनका क्रममा पीडितहरूसँगको कुराकानीमा आधारित छ । यसले सबै क्षतिको विवरण समेट्दैन । सरकारी*

*छानवीन समितिले २०७२ चैत्र ३० गते ८६ जनाको समपत्ति क्षतिको विवरण प्र.जि.अ. समक्ष पेश गरेको छ । (केहीको विवरण अनुसूचि १ मा हेर्नुहोस)*

इन्सेक कैलालीका संयोजक खड्करराज जोशीका अनुसार भदौ ८ गते १६ ठाउँमा आगजनी भएका थिए । ९ गते इन्सेकका तर्फबाट अनुगमनमा जाँदा समेत आगो सल्किरहेको देखिएको उनको भनाई रहेको छ । जोशीका अनुसार कर्फ्युकाबीच भएको त्यस प्रकारका क्रियाकलापमा संलग्नहरूलाई हालसम्म पनि कानूनी कारबाही नहुनु राज्यको कमजोरी हो ।

## निष्कर्ष तथा सुझावहरू

टीकापुर घटनाका क्रममा मानव अधिकार उल्लंघनका घटनाहरू भएको पाइयो । टीकापुर घटनाको रुपमा सो घटना बिस्फोट भए तापनि सो घटनाको पृष्ठभूमि धेरै अघिदेखि बनेको प्रष्ट हुन्छ । थारुहरूमाथिको चर्को विभेद तथा उनीहरूको माग तथा अधिकारमाथि हुने गरेको प्रशासन तथा गैरथारु समुदायहरूको अन्यायको कारण सो घटना भएको भन्न सकिन्छ । शान्तिपूर्ण विरोध तथा प्रदर्शन गर्न पाउनु जनताको लोकतान्त्रिक तथा नैसर्गिक अधिकार हो । अन्तर्राष्ट्रिय मानव अधिकारका दस्तावेजका प्रवाधानहरूले जनताका ती अधिकारहरू संरक्षित गरेको छ । तर कैलाली घटनाका क्रममा ती अधिकारहरूको उल्लंघन भएको देखिन्छ । सो घटनामा एक समुदाय केन्द्रित गरेर राज्य संयन्त्रको दुरुपयोग गरेको देखिन्छ, जसबाट जनताको पहिचानको आधारमा विभेद र आत्मनिर्णयको अधिकार, स्वतन्त्र तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकार, शान्तिपूर्ण भेला हुने अधिकार, यातना, अपमानजनक तथा अमानवीय व्यवहार विरुद्धको अधिकार, निष्पक्ष सुनुवाईको अधिकार, बालबालिकाको अधिकार तथा शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, साँस्कृतिक अधिकार, सम्पत्तिको अधिकार आदि हनन भएको देखिन्छ ।

जनताको जनधनको सुरक्षा तथा शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासन असक्षम बनेको देखिन्छ। स्थानीय प्रशासनसँग अनुगमनको क्रममा बुझ्दा, प्रशासनले थरुहट आन्दोलनकारीले विभिन्न आपराधिक, तथा सामाजिक सद्भाव भट्काउने घटना घटाएको जानकारी दिए तापनि अखण्ड पक्षधरका आन्दोलनकारीहरूले के गरे भन्ने विषयमा कुनै जानकारी दिएनन्। त्यसले प्रशासनको विश्वसनीयता र निष्पक्षतामा थरुहट आन्दोलनले उठाएको सवाल गम्भीर रुपमा विचारणीय देखिन्छ। राज्यले विनाभेद्भाव सबै जनतालाई समान व्यवहार गर्नुपर्ने सो कुरामा कमी देखिन्छ। राज्य संयन्त्रको फितलो उपस्थितिको कारण अराजक समूहले फाइदा लिएको देखिन्छ। सुरक्षा रणनीति कमजोर भएका कारण सुरक्षाकर्मीहरूले ज्यान समेत गुमाउनु परेको देखिन्छ।

सामाजिक सद्भाव तथा अन्यायमा परेकाहरूको न्यायका लागि राज्य पक्षबाट ठोस कदम नचालेको कारण समाजमा असन्तुष्टि र विरोधका आवाजहरू अझै सुशुप्त अवस्थामा रहेका छन्। यदि समयमै त्यस प्रकारका असन्तुष्टि तथा असमझदारीका आवाजहरू सम्बोधन हुन नसकेमा भविष्यमा त्यसले विकराल रुप लिन सक्छ।

कर्फ्युको समयमा दिउँसै घरबस्ती आगजनी हुँदासमेत प्रशासन मौन रहनु आश्चर्यजनक छ।

अनुगमनका आधारमा निम्न सुझावहरू पेश गरिन्छ :

**नेपाल सरकारका लागि**

१. टीकापुरमा भएको आगजनी, लुटपाट र व्यापक मानव अधिकार हननको स्वतन्त्र अध्ययन गरी दोषीहरूउपर तत्काल कानूनी कारबाही गरी पीडितहरूलाई उचित र न्यायिक क्षतिपूर्ति तथा

पुनर्स्थापना गरिनुपर्ने । शान्तिपूर्ण, सुरक्षित, भयरहित रुपमा बाँच्न पाउने, निर्वाध आवागमन गर्न पाउने, आफ्नो पेशा तथा व्यवसाय संचालन गर्न पाउने वातावरण सृजना गर्नुपर्ने ।

२. पक्राउ परेका निर्दोषहरू माथिको मुद्दा फिर्ता गरिनु पर्ने । राजनीतिक घट्नालाई राजनीतिक रुपमा समाधान गरी सहज वातावरण तयार गर्नुपर्ने ।

३. घाइते आन्दोलनकारीहरूलाई स्वतन्त्र रुपमा नि:शूल्क उपचारको व्यवस्था गरिनुपर्ने ।

४. थारु समुदाय तथा उनीहरूको पहिचान लक्षित नश्लीय विभेद हुने क्रियाकलाप, बल प्रयोग तथा दुरुत्साहन रोक्ने, पहिचान तथा अधिकार अभ्यास गर्ने वातावरण सुनिश्चितता गरिनु पर्ने ।

५. थारु आदिवासीहरूको परम्परागत संस्था तथा उनीहरूको संस्कृति निर्वाध अभ्यास तथा अवलम्बन गर्न पाउने वातावरण निर्माण गर्ने । परम्परागत संस्था तथा संस्थागत कार्यमा संलग्न भएकै आधारमा धरपकड, मुद्दामामिला र झमेलामा फँसाउने, शारीरिक र मानसिक यातना दिने कार्य रोक्नुपर्ने ।

६. नागरिकको स्वतन्त्र रुपमा भेला हुन पाउने, संघसंस्था संचालन गर्न पाउनेलगायतका लोकतान्त्रिक अधिकारको सम्मान तथा सुनिश्चितता गरिनुपर्ने ।

७. शान्ति तथा द्वन्द्व रुपान्तरणका लागि नेपाल पक्ष राष्ट्र भइसकेको तथा अनुमोदन गरेका आई.एल.ओ. महासन्धि नं. १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ का प्रावधानहरूको पूर्ण पालना गरिनुपर्ने ।

८. न्यायिक पहुँच र निष्पक्ष सुनुवाईको लागि त्यस क्षेत्रका स्थानीय प्रशासन तथा निकायहरू समानुपातिक समावेशी बनाउन पर्ने ।

**आन्दोलनकारी पक्षहरूका लागि**

१. जुनसुकै परिस्थितिमा पनि आन्दोलन लोकतान्त्रिक मूल्यमान्यता, मानव अधिकारप्रतिको प्रतिवद्धता र सम्मानलाई कायम राख्दै जाने ।
२. कुनै पनि सामाजिक समूह तथा जाति विशेषको विरुद्धमा पूर्वाग्रही हुने सम्भावनाप्रति संवेदनशील रहने ।
३. जायज माग तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूले प्रत्याभूत गरेको मानव अधिकारको सम्मान गरिनुपर्ने ।

**नागरिक समाज तथा संचार जगतका लागि**

१. नागरिक समाजले जातीय सद्भावका लागि समन्वयको कार्य गर्दै, जातीय भेदभाव उन्मूलन गर्नेतर्फ भूमिका निर्वाह गर्नुपर्ने ।
२. सत्य तथ्य तथा निष्पक्ष सूचना तथा समाचार सम्प्रेषण गरिनुपर्ने ।
३. सामाजिक रुपमा विभेदमा परेकाहरूको अधिकारको आवाजलाई गलत तथा आपराधिक रुपमा चित्रण गर्ने कार्य सच्याउँदै आगामी दिनमा त्यस्तो कार्य हुन नदिन गम्भीर रुपमा सचेत र संवेदनशील भई सामाजिक विद्रोह तथा विद्वेष उत्पन्न गर्ने वातावारण सृजना नगर्ने ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संघसंगठनहरूका लागि**

१. स्वतन्त्र र विश्वसनीय मानवअधिकारको अवस्था सार्वजनिक गर्न अन्तर्राष्ट्रिय संघसंस्थाको भूमिका महत्वपूर्ण हुने देखिएकोले २०७२ भाद्र ७, ८ मा भएको आगजनी र लुटपाटसाथै त्यसपछाडि भएका मानवअधिकार हननका बारेमा अनुगमन गरिएमा मानवअधिकार प्रवर्द्धन तथा संरक्षणमा दह्रो सहयोग पुग्न सक्नेछ ।

२. मानवअधिकार हननका गम्भीर घट्नाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सार्वजनिक गर्न सहयोग पुऱ्याउने,

३ ऐतिहासिक विभेदमा परेका समुदायहरूको मानवअधिकार प्रवर्द्धन र संरक्षणमा सहयोग पुऱ्याउने ।

**आदिवासीहरूको मानव अधिकार हेर्ने विशेष समाधीक्षकका लागि**

(१) कैलालीलगायत आदिवासीहरूको भूमिमा संविधान निर्माण प्रक्रिया तथा निर्माण भएपछि आन्दोलनको क्रममा भएको मानव अधिकारको विषयमा अध्ययन गर्न भ्रमण गरी तथ्य सार्वजनिक भए आदिवासीहरूको मानव अधिकार संरक्षणमा सहयोग पुग्ने ।

(२) कैलाली घटनामा विश्वसनीय छानवीन गरी दोषीलाई कारवाही गर्ने र आदिवासी थारुहरूलाई निर्भय वातावरणमा जीवन निर्वाह गर्ने अवस्था सृजना गर्न नेपाल सरकार, सरकारका निकाय र राष्ट्रिय मानव अधिकार आयोगलाई पत्राचार गर्ने ।

# अनुसूचीहरू

## अनुसूची १:

टीकापुर नगरपालिकाका कार्यकारी अधिकृत तुलसीप्रसाद अधिकारीको संयोजकत्वमा गठित मूल्याङ्कन समितिले तयार पारेको २०७२ भदौ ७, ८ र ९ गते भएको क्षतिको विवरण

| क्रस | नाम | क्षति विवरण |
|---|---|---|
| १ | रेशम लाल चौधरी | २ करोड ९० लाख २६ हजार ५० रुपैयाँ |
| २ | सांसद जनकराज चौधरी | ६२ लाख ६६ हजार रुपैयाँ |
| ३ | निरु ट्रेडर्स | १ करोड २८ लाख ४० हजार ९ सय ७६ रुपैयाँ |
| ४ | प्रदिप चौधरी | १ करोड ९८ लाख ६४ हजार ८ सय ४० रुपैयाँ |
| ५ | भगतराम चौधरी | १ करोड २२ लाख ६१ हजार ८ सय ७७ रुपैयाँ |
| ६ | चरण चौधरी | ४७ लाख १ हजार ६ सय २५ रुपैयाँ |
| ७ | दुर्गौलीको पेट्रोल पम्प | २६ लाख ५ हजार रुपैयाँ |
| ८ | गंगाराम जैशी | ७७ लाख ४७ हजार रुपैयाँ |
| ९ | धनीराम चौधरी | ८ हजार ७८ रुपैयाँ |
| १० | थम्मन बम | ११ लाख २४ हजार ८ सय ६० रुपैयाँ |
| ११ | कृष्ण सुनार | २३ लाख ५८ हजार ५ सय २० रुपैयाँ |
| १२ | महेश चौधरी | १४ लाख ५१ हजार रुपैयाँ |
| १३ | सुदेश्नी चौधरी | ५६ लाख ७८ हजरा ८ सय १० रुपैयाँ |

## अनुसूची २ः

## थरुहट/थारुवान आन्दोलनका क्रममा टीकापुर घटनामा पक्राउ परेका आन्दोलनकारीको विवरण

| क्रस | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | जोशीपुर गाविस वडा नं. ४, झलारी | ४६ |
| २ | प्रेमबहादुर चौधरी | त्रिशक्ती नपा वडा नं. ४, भजनी | ४० |
| ३ | राम कुमार कठरिया | मुनुवा गविस वडा नं. १ | २० |
| ४ | बृज मोहन डगौरा | थापापुर गाविस वडा नं. ७ | ३४ |
| ५ | राजेश चौधरी | थापापुर गाविस वडा नं. ७ | ३५ |
| ६ | किसनलाल चौधरी | थापापुर गाविस वडा नं. ५, खैरा | ३६ |
| ७ | सन्तराम चौधरी | थापापुर गाविस वडा नं. ५, खैरा | ३३ |
| ८ | वीरबहादुर चौधरी | टीकापुर नपा वडा नं. १ | ३४ |
| ९ | राम नरेश चौधरी | टीकापुर नपा वडा नं. ३ | ३१ |
| १० | जितबहादुर डगौरा | थापापुर गाविस वडा नं. ६ | ४६ |
| ११ | सन्तोष थारु (चौधरी) | टीकापुर नपा वडा नं. १ | ३१ |
| १२ | प्रदीप चौधरी | मुनुवा गाविस वडा नं. ४ | १८ |
| १३ | विश्राम चौधरी | पथरैया गाविस वडा नं. १, नवलपुर | २० |
| १४ | हरिनारायण चौधरी | मुनुवा गाविस वडा नं. ४ | २२ |
| १५ | राज कुमार कठरिया | मुनुवा गाविस वडा नं. १ | २० |
| १६ | दिलबहादुर चौधरी | मुनुवा गाविस वडा नं. १ | २४ |
| १७ | सुन्दरलाल कठरिया | मुनुवा गाविस वडा नं. १ | ३२ |
| १८ | लाहुराम चौधरी | धनगढी नपा वडा नं. १ | |
| १९ | लक्ष्मण थारु | फूलबारी | |
| २० | करण चौधरी | मुनुवा गाविस वडा नं. ४ | |
| २१ | श्रवण चौधरी | मुनुवा गाविस वडा नं. ४ | |
| २२ | नुरुल अलि जागा | थापापुर गाविस वडा नं. ५ | |
| २३ | चुनिराम चौधरी | जोशीपुर गाविस वडा नं.४, झलारी | |
| २४ | विश्राम चौधरी | नारायणपुर, बेलुवा | |

# अनुसूचि ३:

## प्रेस विज्ञप्ती

जि.प्र.का. काठमाडौं
द.नं. ४०३/०५१/०५२

नेपालका आदिवासीहरुको
मानवअधिकार सम्बन्धी
वकिल समूह (लाहुर्निप)

च.नं. : १६
प.सं. : २०७२/०७३

मिति: २०७२ भाद्र ७

आपत्कालीन प्रेस विज्ञप्ति

मिति २०७२ भाद्र ७ गते कैलालीको टीकापुरमा थारुहरुको शान्तिपूर्ण आन्दोलनका क्रममा हुन गएको सर्वसाधारण तथा सुरक्षाकर्मीहरुको हताहतिप्रति नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को गम्भीर ध्यानाकर्षण भएको छ । यस अवस्थामा सरकारले उक्त घटनाको स्वतन्त्र र निष्पक्ष छानवीन गरी जिम्मेवार पक्षको हुन् र कारक तत्व के हो भन्ने पहिचान नगरी सेना परिचालन गर्ने सुरक्षा परिषदको निर्णयले थप मानवीय क्षति र मानवअधिकार उल्लङ्घन हुने भएकोले सेना परिचालन कार्य तत्काल स्थगन गरी समस्याको शान्तिपूर्ण समाधान खोज्न लाहुर्निप सरकार तथा सम्बन्धित निकायसँग अनुरोध गर्दछ, साथै यस घटनासँग सम्बन्धित सूचना सम्प्रेषण गर्दा सञ्चार जगतले सत्य तथ्यमा आधारित भएर घटना अतिरञ्जित नहुने गरी जिम्मेवार ढंगले समाचार सम्प्रेषण गरी दिनहुन समेत अनुरोध छ ।

[illegible] लिम्बू
सचिव
लाहुर्निप

अनामनगर, काठमाडौं, नेपाल
फोन नं. ०१-४७७०७१०
ईमेल : lahurnip.nepal@gmail.com
पो.ब.नं. : ११९७५ काठमाडौं

**अनुगमन टोली**

**अधिवक्ता शंकर लिम्बू**

अधिवक्ता लिम्बू लाहुर्निपका सचिव हुन् ।

**अधिवक्ता भिम राई**

अधिवक्ता राई लाहुर्निपका कोषाध्यक्ष हुन् ।

**टहल थामी**

थामी लाहुर्निपका निर्देशक हुन्

**पत्रकार देव कुमार सुनुवार**

पत्रकार सुनुवार Indigenous Media Foundation का अध्यक्ष हुन् ।

**दलबहादुर घर्ती मगर**

घर्ती मगर लाहुर्निप आवद्ध आदिवासी मानव अधिकार प्रतिरक्षक हुन् ।

ISBN 978-9937-0-1369-7
9 789937 013697